# काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड

थापाथली, काठमाण्डौं

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७४/०६/२७ गते ।)

लोकसेवा आयोगबाट प्राप्त सहमति अनुसार यस वोर्डमा आ.ब. ०७४/०७५ मा रिक्त रहेका तपसिल बमोजिमका पदहरूमा लोकसेवा आयोगबाट संचालन गरिने खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न शैक्षिक योग्यता तथा वाञ्छनीय योग्यता भएका योग्य नेपाली नागरिकले तोकिएको ढाँचाको दरखास्त फाराम प्रथम पटक सूचना प्रकाशित मितिले ३० दिनभित्र र दोव्वर दस्तुर तिरी थप ७ दिनभित्र तोकिएको कार्यालयमा दरखास्त फाराम दर्ता गर्नुपर्नेछ । परीक्षा दस्तुर वापतको रकम नविल बैंक लिमिटेडको खाता नं. १९०१०१७५००५६५ (कुनै पनि बैंकिङ कार्यालय) मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न राखी हालसालै खिचिएको पासपोर्ट साइजको ४ (चार) प्रति फोटो सहित रीतपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम साथ एस.एल.सी र सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र, मार्कसिट (ट्रान्सक्रिप्ट), चारित्रिक प्रमाणपत्र, अनुभव, तालिम तथा नेपाली नागरिकताको प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि पेश गर्नुपर्नेछ । साथै विदेश स्थित शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गर्ने आवेदकहरूको हकमा सम्बन्धित निकायबाट व्यक्तिगत समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपले फाराम साथ पेश गर्नुपर्नेछ । बहालवाला कर्मचारीको हकमा दरखास्त साथ विभागीय स्वीकृति र आफु कार्यरत रहेको संस्थाको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्नेछ । दरखास्त दस्तुर संलग्न नरहेको, रीत नपुगेको तथा तोकिको मिति भन्दा पछि प्राप्त हुने दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ । खुला प्रतियोगिताका लागि तोकिएको परीक्षा दस्तुर बाहेक समावेशीतर्फ एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेहरूको हकमा प्रत्येक समूहको तोकिएको दरले थप दस्तुर बुझाउनुपर्नेछ । तर खुला प्रतियोगिता तर्फ दरखास्त नदिई समावेशी तर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले तोकिएको पदमा तोकिएको परीक्षा दस्तुर बुझाउनुपर्नेछ । अन्य कुराको हकमा सम्बन्धित पदको दरखास्त फाराममा उल्लेख भए बमोजिम हुनेछ । दरखास्त फाराम तथा पाठ्यक्रम यस वोर्डको वेबसाइट www.kvwsmb.org.np बाट Download गरी प्राप्त गर्न सकिने छ ।

तपसिल:

| सि.नं | विज्ञापन नं | पद/तह | सेवा | पद संख्या | तलव भत्ता | परीक्षा दस्तुर | परीक्षाको किसिम | न्यूनतम आवश्यक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७४/७५ | प्रशासकिय अधिकृत (तह ७) | प्रशासन | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरी नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै सार्वजनिक संस्थामा अधिकृतस्तरमा ४ वर्ष काम गरेको अनुभव भएको । |
| २. | २/०७४/७५ | लेखा अधिकृत (तह ७) | प्रशासन | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरी नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै सार्वजनिक संस्थामा अधिकृत स्तरमा ४ वर्ष काम गरेको अनुभव भएको । |
| ३. | ३/०७४/७५ | कानून अधिकृत (तह ७) | प्रशासन | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । |
| ४. | ४/०७४/७५ | सिभिल इन्जिनियर (तह ७) | इन्जिनियरिङ | ३ (तिन) खुला-२, महिला-१ | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) र समावेशी तर्फ महिलाको हकमा थप रू. ३००/- (तिनसय) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा स्नातक तह (वि.ई) वा सो सरह उत्तिर्ण गरेको । |
| ५. | ५/०७४/७५ | जिओटेक इन्जिनियर (तह ७) | इन्जिनियरिङ | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा जियोटेक्निकल इन्जिनियरिङ विषयमा स्नातक तह (वि.ई) वा सो सरह उत्तिर्ण गरेको । |
| ६. | ६/०७४/७५ | वातावरण इन्जिनियर (तह ७) | इन्जिनियरिङ | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह (वि.ई) वा सो सरह उत्तिर्ण गरेको । |
| ७. | ७/०७४/७५ | इलेक्ट्रिकल इन्जिनियर (तह ७) | इन्जिनियरिङ | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक तह (वि.ई) वा सो सरह उत्तिर्ण गरेको । |
| ८. | ८/०७४/७५ | हाइड्रोजियोलोजिष्ट (तह ७) | इन्जिनियरिङ | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी र इन्टिग्रेटेड वाटर रिसोर्स म्यानेजमेन्ट विषय लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्लाइड जियोलोजिमा एम.एस.सी वा सो सरह उत्तिर्ण गरेको । |
| ९. | ९/०७४/७५ | केमिष्ट (तह ७) | प्रशासन | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. १०००/- (एक हजार मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट केमेष्ट्रि वा माइक्रोवायोलोजी विषयमा एम.एस.सि. वा सो सरह उत्तिर्ण गरेको । |
| १०. | १०/०७४/७५ | प्रशासन सहायक (तह ५) | प्रशासन | ३ (तिन) खुला-२, महिला-१ | वोर्डको नियमानुसार | रू. ८००/- (आठ सय मात्र) र समावेशी तर्फ महिलाको हकमा थप रू. ३००/- (तिन सय) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । |
| ११. | ११/०७४/७५ | सर्भेक्षक (तह ५) | इन्जिनियरिङ | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू. ८००/- (आठ सय मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तिन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तिर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तिर्ण गरी एक वर्षको जुनियर तालिम प्राप्त गरेको । |
| १२. | १२/०७४/७५ | सव इन्जिनियर (तह ५) | इन्जिनियरिङ | २ (दुई) खुला-१, महिला-१ | वोर्डको नियमानुसार | रू. ८००/- (आठ सय मात्र) र समावेशी तर्फ महिलाको हकमा थप रू. ३००/- (तिनसय) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तिर्ण गरेको । |
| १३. | १३/०७४/७५ | कम्प्युटर सहायक (तह ५) | प्रशासन | २ (दुई) खुला-१, महिला-१ | वोर्डको नियमानुसार | रू. ८००/- (आठ सय मात्र) र महिलाको हकमा थप रू. ३००/- (तिनसय) | लिखित/प्रयोगात्मक तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा प्रमाण पत्र तह वा सो सरहको परिक्षा उत्तिर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर विषयमा तालिम लिएको । |
| १४. | १४/०७४/७५ | कानून सहायक (तह ५) | प्रशासन | खुला-१ (एक) | वोर्डको नियमानुसार | रू ८००/- (आठ सय मात्र) | लिखित तथा अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तिर्ण गरेको । |

**नोट:**

१. उमेर हद: दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
२. तलव भत्ता तथा अन्य सुविधा: वोर्डको नियमानुसार ।
३. कार्य गर्नुपर्ने स्थान: काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यालय र वोर्डले खटाएको स्थान ।
४. परीक्षण काल: वोर्डको कर्मचारी प्रशासन नियमावली अनुसार ।
५. दरखास्त बुझाउने स्थान: काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यालय, थापाथली ।
६. दरखास्त बुझाउने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त बुझाउन सकिनेछ ।
७. परीक्षा सम्बन्धी कार्यक्रम २०७४ मंसिरको तेस्रो हप्तामा गोरखापत्रमा प्रकाशन गरिनेछ ।

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

थापाथली, काठमाडौं

फोन नं. ०१-४१००६१०/४२५६८६८

